KRIPA NATIONAL DAILY

# कृपा राष्ट्रिय दैनिक

e-kripa.com

बर्ष १९, अंक-१८६ बारा, २०७९ भदौ १६ गते बिहिबार/ पञ्चमी /नेपाल संवत् ११४२ / Thursday, Sep. 1 2022/पृष्ठ ४ /मूल्य रु. ५/- पाँच

## बिबी लामाको नेतृत्वमा नेकपा विप्लव बारा जिल्ला समिति गठन



निजगढ, १५ भदौ/नेपाल कम्युनिष्ट पार्टी (बिप्लव) बाराको तेस्रो जिल्ला सम्मेलन बुधवार निजगढमा सम्पन्न भएको छ ।

जिल्ला सेक्रेटरी बिक्रम शाहीको अध्यक्षतामा भएको अधिवेशनको बन्द सत्रले बिबी लामाको नेतृत्वमा २१ सदस्यीय जिल्ला कमिटी गठन गरेको छ । जिल्ला कार्यसमितिमा प्रत्यक पालिकाबाट १/१ जना र जनवर्गिय संघठनहरुबाट थप ५ जना गरी २१ चयन गरिएको हो ।

अधिवेशनमा जिल्लाका विभिन्न पालिकाबाट १६५ जना प्रतिनिधिहरुको सहभागिता रहेको पूर्वजिल्ला सेक्रेटरी बिक्रम शाहीले जानकारी दिनुभयो ।

यसअघि अधिवेशनको उद्घाटन पार्टीका केन्द्रीय सदस्य तथा जिल्ला इन्चार्ज सन्देश पौडेलले दीप प्रज्वलन गरेर गर्नुभएको थियो । निजगढ उद्योग बाणिज्य संघको सभा हलमा भएको अधिवेशनको उद्घाटन समारोहमा केन्द्रीय सदस्य एंव रौतहट र सर्लाही जिल्ला इन्चार्ज मिसन, सर्लाही जिल्ला सेक्रेटरी जनक राउत, पर्सा जिल्ला सेक्रेटरी बिनोद काफ्ले, युवा संगठन नेपाल मधेश प्रदेश ईन्चार्ज गोबिन्द चन्द लगायतले अधिवेशन सफलताको लागि शुभकामना मन्तव्य व्यक्त गर्नुभएको थियो ।

बाँकी तेश्रो पेजमा

## निर्णय भएको ७ वर्षपछि सिम्रौनगढमा मालपोत कार्यालय उद्घाटन, स्थानीयबासिन्दा खुसी

गोकुल घोरसाइने

सिम्रौनगढ, १५ भदौ/सिम्रौनगढमा बुधवार मालपोत कार्यालयको उद्घाटन भएको छ । भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्री शसी श्रेष्ठले एक कार्यक्रमबीच सरकारले निर्णय गरेको ७ वर्षपछि कार्यालयको उद्घाटन गर्नुभएको हो ।

जिल्लाको पूर्वोत्तर क्षेत्रमा पर्ने सिम्रौनगढमा मालपोत तथा नापी कार्यालय स्थापना गर्न मन्त्रिपरिषदले ०७२ सालको असोज १४ गते निर्णय गरेको थियो । सिम्रौनगढमा मालपोत र नापी कार्यालय स्थापना गर्ने मन्त्रिपरिषदको निर्णय विरुद्ध सदरमुकाम कलैयाका लेखापढी व्यवसायी र अन्य व्यवसायीहरुले आन्दोलन गरेपछि सिम्रौनगढमा कार्यलय स्थापना गर्ने मन्त्रिपषिदको निर्णय कार्यान्वयनमा आउन सकेको थिएन । व्यवसायीहरुको विरोधका कारण कार्यालय संचालनको लागि सिम्रौनगढमा घर भाडामा लिएको अवस्थामा पनि कार्यालय भने संचालनमा आउन नसकेको हो । कार्यालय संचालन गर्न नसकेपनि सरकारले २ वर्षसम्म



कार्यालयको घर भाडाबापत मासिक ३० हजार रुपैया भुक्तानी गरेको थियो । कलैयाका व्यवसायीहरुको विरोधका बाबजुद पनि मन्त्रिपरिषदले सोही मितिमा गरेको निर्णयअनुसार जिल्लाको सिमरामा भने २०७२ साल माघमा नै कार्यालय स्थापना गरेर संचालनमा आएको थियो । त्यतिबेला कार्यालय स्थापना गर्न माग गर्दै सिमरामा स्थानीयले आन्दोलन गरेका थिए ।

यसपटक पनि कार्यालय संचालनमा अवरोध उत्पन्न हुनसक्ने त्रासमा स्थानीयले गत शुक्रबार राति सुरक्षा घेराबीच सिम्रौनगढ नगरपालिकाको गाडीमा राखेर कलैया मालपोत कार्यालयबाट कार्यालयको स्रेस्ता लगायत आवश्यक फर्निचर,

बाँकी तेश्रो पेजमा

## सशस्त्र प्रहरी मधेश प्रदेशद्धारा करोडौंका अबैध सामान बरामद

कलैया, १५ भदौ/मधेस प्रदेशमा सशस्त्र प्रहरीको टोलीले मात्र एक महिनाको अवधिमा करोडौंको अवैध सामान बरामद गरेको छ ।

सशस्त्र प्रहरी मधेस प्रदेश प्रमुख सशस्त्र प्रहरी नायब महानिरीक्षक (डीआईजी) गणेश ठाडा मगरको विशेष निर्देशनमा मधेस प्रदेशका आठवटै जिल्लाबाट छुट्टाछुट्टै गस्ति टोलीले करोडौंको अवैध सामान बरामद गरेको हो । गत साउन मसान्तमा ४ करोड ५२ लाख, ४३५ रुपैया बराबरको भारतबाट अवैधरूपमा भित्र्याइएको कपडा, किराना, हार्डवेयर लगायत सामान बरामद गरि आवश्यक कारबाहीको लागि संबन्धित निकायको जिम्मा लगाइएको डीआईजी मगरले जानकारी दिनुभयो ।

त्यसैगरी १ करोड ८४ लाख, ६५ हजार बराबरको तस्करी लगायत विभिन्न अवैध काममा प्रयोग भएको ६७ थान सवारीसाधन सशस्त्र प्रहरीले बरामद गरेको छ । स्रोत नखुलेको १७ लाख ८ सय २५ रुपैया बरामद गर्नुका साथै विभिन्न गैरकानुनी काममा लागेका १९ जनालाई पक्राउ गरि कानुनी कारबाहीको दायरामा ल्याएको सशस्त्र प्रहरी नेपाल छिनमस्ता बाहिनी बर्दिबासले जनाएको छ ।

त्यस्तै ६ लाख ६१ हजारको चौपाया, ८ लाख १६ हजार बराबरको अवैध काठ, बरामद गर्नुका साथै ५५ सय थान विभिन्न प्रकारको लागुऔषध, ७६० किलोग्राम गाँजा बरामद गरेको छ ।

साउन मसान्तमा ५ जना चेलीबेटी उद्धार, ८६ पटक संयुक्त गस्ती, ९ पटक समकक्षी बैठक र १८ पटक लिंक गस्ति भएको सशस्त्र प्रहरी मधेस प्रदेश कार्यालय बर्दिबासले जनाएको छ । सशस्त्र प्रहरीको सक्रियताले विगतको भन्दा तस्करी कम हुंदै गएको दाबी गरिएको छ ।

## तामागढीमा औषधिजन्य जडिबुटीको उत्पादन वर्षेनी घट्दै

दुष्यन्त चौधरी

बारा, १५ भदौ/जडिबुटी उत्पादन तथा प्रतिशोध केन्द्र शाखा कार्यालय तामागढीमा औषधिजन्य जडिबुटीको उत्पादन वर्षेनी घट्दै गएको छ ।

जडिबुटीको उचित मूल्यनपाउँदा किसानले जडिबुटी खेती गर्न छोडेपछि प्रशोधन केन्द्रमा औषधिजन्य उत्पादन घट्दै गएको हो ।

जडिबुटी उत्पादन तथा प्रतिशोधन केन्द्र शाखा कार्यालय तामागढीका प्रमुख बखतबहादुर साउदले दिनुभएको जानकारीअनुसार औषधिजन्य जडिबुटीको उत्पादन वर्षेनी घटेको देखिन्छ । वर्षेनी औषधिजन्य जडिबुटीको



उत्पादन घट्नुको मुख्य कारण किसानले लगाएको जडिबुटीले उचित मूल्य नपाउनु रहेको छ ।

तामागढीमालेमनग्रास, सिट्रोनेला, पामारोजा, मेन्था, बाबरी तथा क्यामोमाईल तथा मसला तेललगायत जडिबुटीको खेती हुदै आएकोजडिबुटी उत्पादन तथा प्रतिशोध केन्द्रका प्रमुख साउदले जानकारी दिनुभयो । शाखा कार्यालय तामागढीले वार्षिक रुपमा ९ टन जडिबुटी उत्पादन गर्ने गरेको समेत उहाँले सुनाउनुभयो ।

कार्यालय प्रमुख साउदकाअनुसार केन्द्रीय कार्यालयले किसानलाई मलखाद सहयोग, ढुवानी खर्च, खरिद दर वृद्धि,

बाँकी तेश्रो पेजमा

## सर्वोत्तम स्टिलको भवन निर्माणका क्रममा करेन्ट लागेर एकको मृत्यु

नविन चौधरी

वीरगन्ज, १५ भदौ/पर्सा जिल्लामा रहेको सर्वोत्तम स्टिलमा बुधबार एक मजदुरलाई करेन्ट लागेर मृत्यु भएको छ । घटनामा थप एकजना मजदुर घाइते भएका छन ।

मजदुरको भाइब्रेसन मेसिन सम्याउने क्रममा तार सर्ट भइ बर्दिया जिल्लाको बर्दिया नगरपालिका १ का १७ वर्षीय रबिन थारुको मृत्यु भएको हो भने बर्दियाकै राजापुर नगरपालिका ६ बस्ने ३० वर्षीय सिताराम थारु घाइते भएको प्रहरीले जनाएको छ ।

वीरगन्ज महानगरपालिकाको वडा नम्बर २२ स्थित जगरनाथपुरमा रहेको सो स्टिल कम्पनीको थप उद्योग भवन बनाउने क्रममा तल्लो तल्लाको जग ढलानका लागि सिमेन्ट र गिट्टी बालुवाको मिश्रण गर्ने भाइब्रेसनमा काम गर्दा तार सर्ट भइ करेन्ट लागेर दुबै जना घाइते भएका थिए ।

घाइते भएका दुबै जनालाई उपचारको लागि बयोद्धा अस्पताल वीरगन्जमा लगिएको थियो । उपचारको क्रममा रविनलाई सो अस्पतालका चिकित्सकले मृत घोषित गरेका थिए । घाइते सितारामको उपचार भइरहेको तथा घटनाको सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको पर्साका प्रहरी प्रवक्ता तथा सुचना अधिकारी प्रहरी नायब उपरीक्षक दिपक गिरीले जानकारी दिनुभयो ।

**नेपाल राष्ट्र बैंक**

**वीरगञ्ज कार्यालयको सूचना**

यस कार्यालयबाट भारतीय रुपैयाँको (खरिद/बिक्री) कारोवार गर्न इजाजत प्राप्त **श्री कलैया यादव मनिचेञ्जर प्रा.लि., कलैया-६, बारा**का संचालकले कारोवार बन्द गरी इजाजतपत्र खारेज गर्न माग गरेकोले इजाजतपत्र खारेज गर्ने सिलसिलामा सो मनिचेञ्जरले गरेको कारोवारबाट कुनै व्यक्ति वा संघ संस्थासँग लेनादेना रकम बाँकी रहेको भए वा अन्य सरोकार भए यो सूचना प्रकाशित भएको मितिले ३५(पैंतीस) दिन भित्र यस कार्यालयमा स-प्रमाण लिखित रुपमा जानकारी गराउनुहुन "नेपाल राष्ट्र बैंक मनिचेञ्जर इजाजतपत्र तथा निरीक्षण विनियमावली, २०७७" को विनियम २२ को उप-विनियम (२) बमोजिम यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्यादभित्र लिखित जानकारी प्राप्त हुन नआएमा श्री कलैया यादव मनिचेञ्जर प्रा.लि., कलैया-६, बाराको इजाजतपत्र खारेज गरी धरौटी रकम समेत फुकुवा हुने व्यहोरा अनुरोध छ । साथै, अब उप्रान्त सो मनिचेञ्जरसँग कुनै पनि कारोवार नगर्न/नगराउनु हुन सर्वसाधारणको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**नेपाल राष्ट्र बैंक**

**वीरगञ्ज कार्यालयको सूचना**

यस कार्यालयबाट भारतीय रुपैयाँको (खरिद/बिक्री) कारोवार गर्न इजाजत प्राप्त **श्री लक्ष्मी इन्टरप्राइजेज मनिचेञ्जर प्रा.लि., कलैया-१, बारा**का संचालकले कारोवार बन्द गरी इजाजतपत्र खारेज गर्न माग गरेकोले इजाजतपत्र खारेज गर्ने सिलसिलामा सो मनिचेञ्जरले गरेको कारोवारबाट कुनै व्यक्ति वा संघ संस्थासँग लेनादेना रकम बाँकी रहेको भए वा अन्य सरोकार भए यो सूचना प्रकाशित भएको मितिले ३५(पैंतीस) दिन भित्र यस कार्यालयमा स-प्रमाण लिखित रुपमा जानकारी गराउनुहुन "नेपाल राष्ट्र बैंक मनिचेञ्जर इजाजतपत्र तथा निरीक्षण विनियमावली, २०७७" को विनियम २२ को उप-विनियम (२) बमोजिम यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्यादभित्र लिखित जानकारी प्राप्त हुन नआएमा श्री लक्ष्मी इन्टरप्राइजेज मनिचेञ्जर प्रा.लि.,कलैया(१, बाराको इजाजतपत्र खारेज गरी धरौटी रकम समेत फुकुवा हुने व्यहोरा अनुरोध छ । साथै, अब उप्रान्त सो मनिचेञ्जरसँग कुनै पनि कारोवार नगर्न/नगराउनु हुन सर्वसाधारणको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

राष्ट्रिय स्तरका पत्रपत्रिकामा आएका सूचना, शेयर सम्बन्धि जानकारी,र समाचारको लागी हेरौ www.ekripa.com

## सम्पादकीय........

# तीजमा हराएको मौलिकता

अहिले नेपाली चेलीहरुले हरितालिका अथवा जीत पर्व मनाइरहेका छन् । सोमबारबाट शुरु भएको तीज पर्व आज सकिदै छ । आज मध्यान्ह भगवान शिवको पूजा गरेपछि यस वर्षको तीज नाचगान गरी समापन गर्ने प्रचलन छ । तीज कहिलेदेखि मनाउदै आइयो भन्नेमा त आफ्नै कुरा छ तर तीज मनाउने परम्परामा भने कमी आएको छैन मुख्य कुरा यही नै हो ।

तराई मधेश सहितका सबै क्षेत्रमा तीज मनाउनेहरु बढेका छन् । तीज त आजकल एक महिनादेखि लाग्ने गरेको छ । केही वर्ष अगाडिसम्म तीजको गीतको भाकामा मौलिकता र चेलीका बेदना हुन्थे । अब चेलीका बेदना हटेका छन् र मौलिकता पनि हराउदैछ । समयसंगै तीजका भाका र तीज मनाउने चलनमा पनि परिवर्तन आउछ त्यो स्वभाविक हो ।


तर, परिवर्तनका नाउँमा समाजमा पच्न नै गाह्रो हुने हर्कत देखाउने कार्य भने एकदमै गलत हो । तीजका भाकामा रत्यौलीका जस्ता कुराहरु आएका छन् । चर्चित गायिका बिष्णु माझीले गाएको गीत चरी जेलैमा भनेको जसरी नेपालमा तीजकै समयमा चेलीहरु माइत जान नपाउने भन्नै चैं अब लगभग नहोला । तीजमा फरकपन आए पनि मौलिकता हराउन हुन्न । यसतर्फ सबैको ध्यान जान जरुरी छ ।


## सेवाको लागि सम्पर्क गरौ

१. अर्डर अनुसारको स्टेशनरी लगायत अर्डर सामाग्री सप्लाई गर्ने कार्य गरिन्छ ।
२. राष्ट्रिय र स्थानीय पत्र-पत्रिकामा सूचना प्रचार-प्रसार /प्रकाशित) गर्ने कार्य गरिन्छ ।
३. मल्टिकलर प्रिन्टिङ्ग, बिल-बुक, लेटर-प्याड, रजिस्टर, मल्टिकलर तथा जेनरल भिजिङ्टिङ कार्ड, मल्टिकलर तथा जेनरल प्रमाण-पत्र, अर्डर अनुसार सेल्फ ईंक स्ट्याम्प लगायत अर्डर अनुसारका सामानहरू उपलब्ध गराईने छ ।
४. बिभिन्न किसिमका खादा, रिबन अतिथि ब्याच वा प्लाष्टिकको ब्याच, मायाको चिनो, आई डि कार्ड मल्टिकलरमा अर्डर अनुसार प्रिन्टिङ्ग कार्य गरिन्छ ।
५. सहकारी संस्था चलाउँदा आवश्यक पर्ने सम्पूर्ण खाता बहीहरु तयारी अवस्थामा बिक्रीको लागि राखिएको छ ।
६. ल्यापटप, सिसि-क्याम्रा, हाजिरी मसिन, प्रिन्टर, स्कुलको स्मार्ट बोर्ड बिक्रीको लागि राखिएको छ ।
७ सेनिटरी प्याड, फर्निचर, ईन्जिनियरीगंका सामानहरु बिक्रीको लागि राखिएको छ ।
८ रबर स्टाम्प, सेल्फ कलर स्टाम्प बनाउनु परे, ज्याकेट टोपी, टि-सर्ट, मायाको चिनोमा कलर प्रिन्ट गराउनु परे सम्पर्क गर्नु होला

सम्पर्क
के. एस मल्टिप्रपोज प्रा.लि.
वीरगंज-१३, पर्सा ,९८५५०२१८८६, ९८४३११३४३५


# सम्पन्नताको सिँढीमा कमजोर अर्थतन्त्र



☐ डा. विमलकुमार तिवारी

परिमार्जन र निरन्तरता हैन, परिवर्तनको परिप्रेक्ष्यबाट सोचौं। के अब नयाँ गतिशील नीति आवश्यक छैन ?

सर्सर्ती हेर्दा नेपालको आर्थिक अवस्था र विकासको गति कस्तो देखिएला ? खस्कँदो कृषि, औद्योगिक विकास, सम्पन्नताबाट विपन्नता, गरिबी, परनिर्भर नीति र आयातमा आधारित नेपाली अर्थतन्त्रले दिगो विकास र सम्पन्नताको बाटो कसरी समात्ला ? नेतृत्वको संकल्प, सक्षमता र दीर्घकालीन सपनाबिना परिपक्व नीति समयसापेक्ष गतिशील नीति र गन्तव्य एवं दृष्टिकोणको स्पष्टताबिना नयाँ नेपालको आर्थिक मार्ग चित्रण सम्भव छैन। देशको अधिकांश जनसंख्या, जल, जंगल, जमिन र जडीबुटीबारे प्रखर जानकार भएर पनि निरुत्साहित हुने अवस्था छ। श्रम र सीपको उचित सम्मान उत्पादनको व्यवस्थापन, लागतअनुसार प्रतिफल सुविधा र स्रोतको अभाव नै नेपालको कृषि क्रान्तिको बाधक र ठूलो चुनौती बनिरहेको छ।

सामाजिक रूपान्तरणलाई मुख्य केन्द्रमा राखी विकास नीतिलाई शीर्ष स्थान दिई गुणात्मक वृद्धि गर्न कोषको उपलब्धता अर्को ठूलो चुनौती छ। नेपालमा परिवहन, प्रसारण, प्रविधि, प्रवर्द्धन, प्राज्ञिक प्रावधान पद्धतिको पूर्ण उठान नीतिको अभाव नै औद्योगिक विकासको अर्को चुनौती छ। औद्योगिक क्रान्तिका लागि छिमेकी राष्ट्रहरूको निर्यात नीति र अस्वस्थ प्रतिस्पर्धात्मक बजारनीतिका कारण बाह्य बजारमा मात्र निर्भर हुनुपर्ने अवस्था छ। खुल्ला सीमा बिचौलिया प्रवृत्तिले देशको ठूलो जनसंख्या करिब ४० प्रतिशत जनता सीमानजिक बस्ने र खुला सीमाको फाइदा उठाउने गर्छन्। बाँकी देशको जनसंख्या पनि सीधा भारतको बजारमा निर्भर छन्। जसले वस्तुको मूल्यको फरक र देशभित्र कर छली चल्ने व्यापार चलाउँछन्। त्यसमा पनि देशका ठूला सहर काठमाडौं, भैरहवा र पोखरासम्म प्रभाव भएको अवस्था छ।

औद्योगिक क्रान्तिबिना रोजगारी उत्पादकत्व नीति ज्ञान र पुँजीको वृद्धि हुने र यसको अभावमा ठूलाठूला प्राकृतिक उत्खनन प्रशोधन हुन नसक्ने खालको ठूलो चुनौतीको रूपमा देखिएको छ। समग्र सम्भाव्यता स्रोत नेपाल एउटा कृषि अर्थतन्त्र हो, त्यसैले हरेक नीति यस क्षेत्रको प्रतिफल र लगानीमा निहित हुनुपर्छ। आर्थिक, प्रशासनिक, मानवीय उपभोग तथा आवश्यकताका सेवा मात्र दिइरहेको आयातमा निर्भर बिचौलिया नीतिबाट देश चलिरहेको छ। यस्तो अवस्थामा गन्तव्यविहीन हुनुले विद्यमान महँगाई, नाफामूलक विदेशी मुद्रा सञ्चिति पर्याप्त नहुनु र तरलता अभाव हुनुले स्पष्ट छ। राजस्वको बाँडफाँट तथा जनतालाई कर थुपार्ने नीतिबाहेक अन्य आयस्रोत र विकल्प खासै देखिँदैन। देशको आम्दानी लगभग ७० प्रतिशत राजस्व र ३० प्रतिशत अनुदानमा आधारित छ। राजस्वको दायरा नबढाउने र अन्य आम्दानीको स्रोतको खोजी समयमै नगर्ने हो भने आउँदा दिन अझ कठिन हुनेछन्। नेतृत्व पनि असफल हुने निश्चित छ।

बजेट निर्माण र परिचालनमा परम्परागत सोच परिवर्तन गर्नुपर्ने देखिन्छ। सरकारले वित्तीय व्यवस्थाअन्तर्गतको खर्चसमेत गर्न नसकेको देखिन्छ। जबकि बढ्दो वित्तीय जोखिम र पूर्वाधारको विकास अति आवश्यक छ। या त विकासका लागि दीर्घकालीन नीति तर्जुमा गरी यस क्षेत्रमा लगानी गर्नुपर्ने हुन्छ या त बजेट कटौती गरी अन्य ठूला पूर्वाधारअन्तर्गत रोजगारी वृद्धि गर्नुपर्ने देखिन्छ। चालू खर्चको ८१ प्रतिशत र वित्तीय व्यवस्था ४८.२४ प्रतिशत र पुँजीगत खर्चतर्फ ४० प्रतिशत हुने अवस्था देखिन्छ।

महालेखा नियन्त्रकको कार्यालयको २०७९ साउनमा प्रकाशित विवरणअनुसार चालू खर्चतर्फ ९६१ अर्ब ४७ करोड खर्च भएको छ भने पुँजीगततर्फ २१६ अर्ब ३७ करोड मात्र छ। वित्तीय व्यवस्थातर्फ ११८ अर्ब ४० करोड खर्च भएको छ। राजस्व संकलनमार्फत १०६७ अर्ब आम्दानी गरेको छ भने २३१ अर्ब ३० करोड, आन्तरिक ऋण लिई वैदेशिक ऋण ४७ अर्ब घटाएको छ। १६३ अर्ब ९७ करोडको थप ऋणभार थप भई कुल आन्तरिक ऋण २२.९ प्रतिशत वृद्धि गरी ९८४ अर्ब २८ करोड पुगेको छ। यस किसिमको महँगो अर्थनीतिले आर्थिक सम्पन्नता र समृद्धि आउला ? आर्थिक मन्दी तथा विषम परिस्थितिको अवस्थामा लम्पसार हुनुको विकल्प छ ?

'आयातबाट उत्पादन, जोखिमबाट समष्टिगत आर्थिक विकास' भन्ने बजेटको मुख्य उद्देश्य हो। जसबाट सरकारले बदलिँदो परिस्थितिसँग आवश्यकता सम्बोधन गर्न सामर्थ्य राख्छ कि कामचलाउ नीतिको निरन्तरता वा आग्रहबाट देश चल्छ भन्ने कुरा आगामी दिनमा चाल्ने कदमबाट प्रष्ट हुनेछ। जे होस् देशले अवलम्बन गर्नुपर्ने नितान्त र आवश्यक प्राथमिकताको मार्गचित्रण गर्ने प्रयास भने भएको छ। जसले अन्वेषण, उद्यम र औद्योगिकरणको आधारशिला तयार हुनेछ। अब उत्पादन, बजारीकरण, यान्त्रीकरण व्यवस्थापन हुँदै निर्यात र आयातको विस्थापन गर्नुपर्ने हुन्छ। आर्थिक तथा वित्तीय परियोजना, पद्धतिको विकास र नियमन-नीति हुँदै सुदृढ अर्थतन्त्र बनाउनु पर्छ।

यसैगरी आर्थिक उदारीकरण र खुला नीतिमार्फत निजी पहुँच, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संयन्त्रहरूको विकास गर्दै जोखिम व्यवस्थापन गर्नु आवश्यक देखिन्छ। धितोपत्र बजारको प्रोत्साहन र बजारको विकास नीति तथा सम्पत्ति करको परिमार्जन आन्तरिक पुँजी निर्माण हुनुपर्छ। निजी, सरकारी, राष्ट्रिय प्रवासी पुँजी, वैदेशिक लगानी प्रवर्द्धनअन्तर्गत पाँचखम्बे नीतिको अवलम्बन गर्नु श्रेयष्कर देखिएको छ। सुशासन र पारदर्शिताका लागि कम्पनी कर र अधिकतम करभन्दा अधिकतम सहभागिता कर नीति, नाफा, कारोबार र व्यवस्थापनका आधारमा राष्ट्रिय सहुलियत सुविधा र सरकारी सहभागिता नीति आवश्यक देखिन्छ। यस्तै कृषि उपज र वस्तुबजारको विकास, भण्डारण सुविधा र एकीकृत मूल्य निर्धारण नीति अपनाउनु पर्छ।

अर्थतन्त्र चलयमान राख्न उत्प्रेरकको भूमिका देशको वित्तीय नीति अर्थात् मौद्रिक नीतिको हुन्छ। जसले जनप्रभाव र आगामी रणनीति तर्जुमा गर्न सहज बनाउँछ। नेपालमा विद्यमान बैंक वित्तीय संस्थाको कारोबार र तिनको अवस्था हेर्दा कारोबार प्रकृति उद्देश्यमा स्पष्टता देखिन्छ। जसका लागि वाणिज्य बैंक, विकास बैंक, लघुवित्त संस्था तथा सहकारी संस्थालाई लिन सक्छौं। लघुवित्त तथा सहकारी संस्थाको निहित स्वार्थमा आधारित अर्थतन्त्रभन्दा सदस्य सेवा सहभागिता र सहकार्यका लागि ब्याजरहित व्यवस्थाको परिकल्पना गर्न जरुरी छ। राज्य जनता आपसी सहकार्यतामा आन्तरिक पुँजी वृद्धि गर्दै सम्पन्नता र समृद्धिको बाटो तय गर्न पनि जरुरी छ। बैंक वित्तीय संस्थाहरू पनि ब्याज नीतिभन्दा लगानी नीतिमैत्री हुनुपर्छ। संयुक्त लगानी, प्रोजेक्ट इन्भेस्टमेन्ट, कोलाब्रेटिभ इन्भेस्टमेन्ट तथा इक्विटी इन्भेस्टमेन्टबाट सुरक्षित हुनुपर्छ। नाफा कमाउनु र देशको विकासमा केन्द्रित हुनुपर्छ।

व्यक्ति र संस्थाको उधारो लिने सीमा निर्धारण गर्नुपर्छ। लगानीनिहित अवधारणा दिगो विकासमा कोशेढुंगा सावित हुनेछ। हुन त बैंक वित्तीय संस्था, कारोबार नियमन राख्ने, मुद्राको व्यवस्थापन गर्ने अर्थतन्त्रको अध्ययन र नीतिप्रति प्रष्ट विचार राज्यलाई दिनु राष्ट्र बैंकको प्रमुख कर्तव्य हो। यस कुरालाई ध्यानमा राखी राज्यको बृहत् योजनाहरूको निरन्तरता, नियमन र पुनः योजना गर्नुपर्छ। नेपालमा मौद्रिक नीति सन् २००२ देखि लागू भएको छ। हरेक चुनौतीको सामना गरेको सफल इतिहास छ। आधुनिक परिवर्तनसँग हाम्रो वित्तीय पूर्वाधारको विकासबिना बाह्य प्रभाव र असहज परिस्थितिबीच विकासको निरन्तरता र वर्तमान चुनौती कसरी पार लाग्छ। यसको ठोस आधार यस पटकको मौद्रिक नीतिमा आउन सकेन। दिगो विकासका लागि नीति तर्जुमा गर्न बाँकी छ।

मुद्रा अपचलन, सीमापार मुद्रा व्यापार, बिचौलिया र कर नीतिका कारण प्रभावित छ, मौद्रिक कारोबार र अर्थतन्त्र। देशको मौद्रिक नीति हेर्दा देशमा स्थायी तरलता सुविधा ९१७० अर्ब ११ करोड छ। साथै ४७६.३९ करोड ऋण बैंक तथा वित्तीय संस्थाबाट भएको छ। कुल ९७०२ अर्ब ४१ करोड तरलता छ। अन्तरबैंक अधिकतम सीमा ७ प्रतिशत छ भने ४ प्रतिशतदेखि ७ प्रतिशतभित्र राख्ने नीति अवलम्बन गरेको छ। देशमा वार्षिक मुद्राप्रदाय वृद्धिदर १८ प्रतिशतसम्म हुने अनुमान छ। जो हाल ९ प्रतिशत कायम भएको छ। राष्ट्र बैंकको नगद बढाउने नीति प्रष्ट छ। तर निक्षेप घट्नुले चुनौती थपिएको छ। निजी क्षेत्रतर्फ कर्जा वृद्धि दर १९ प्रतिशत हुने प्रक्षेपण रहेकोमा १६ प्रतिशत कायम रहेको छ। तर पनि बैंकले विगत ६ महिनादेखि कर्जा दिन सक्ने अवस्था नरहेको स्थिति हालसम्म पनि टरेको छैन। सीडी रेसियो ८५ प्रतिशतभन्दा माथि रहेकाले केही समय थप कष्टकर हुनेछ। आवमा २०७८/७९ मा निजी क्षेत्रको कर्जा १३.५ प्रतिशतले विस्तार भएको छ। निक्षेप ५ प्रतिशतले मात्र विस्तार हुन सकेको छ। यस आवमा २६६ अर्ब निक्षेप संकलन गरी ५५३ अर्ब कर्जा लगानी गरे। जब कि गत आवमा ५८८ अर्ब निक्षेप संकलन गरी ७९९ अर्ब कर्जा लगानी भएको थियो। अर्थात् ३२२ अर्ब निक्षेप बैंक वित्तीय संस्थामा नआए कर्जा लगानी थप जटिल बन्नेछ।

नेपालको अन्तर्राष्ट्रिय व्यापार, आप्रवाहको स्थिति हेर्दा निर्यात १८४ अर्ब ८४ करोड छ। जबकि आयात १७६३ अर्ब ३३ करोड छ। आयातको निरन्तर वृद्धिदर २५ प्रतिशत छ। निर्यातको परिमाण र वृद्धिदरले यसलाई विस्थापित गर्न सक्दैन। सरकारी खर्च कटौती, जनचेतना, उत्पादन र दैनिक उपभोग्य एवं अत्यावश्यक वस्तुको औद्योगिकरण, स्वदेश नीतिबिना नेपालमा दिगो विकास नीति तर्जुमा गर्न सकिँदैन। नेपालको वस्तु व्यापार

बाँकी तेश्रो पेजमा

# गठबन्धन सरकारले आफ्नो जमिन फिर्ता लिन्छौं भन्न नसक्नु लाजमर्दो : ओली



कञ्चनपुर १५ भदौ/ नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले गठबन्धन सरकारले लिपुलेक, लिम्पियाधुरा र कालापानीलाई समस्या नमानेको आरोप लगाउनुभएको छ ।

बुधवार पार्टी प्रवेश कार्यक्रमलाई सम्बोधन गर्न कञ्चनपुर पुग्नुभएका ओलीले आफू नेतृत्वको सरकारले लिपुलेक, लिम्पियाधुरा र कालापानीलाई संविधान संशोधन गरेर नक्सासमेत सार्वजनिक गरेको बताउँदै वर्तमान गठबन्धन सरकारले चुच्चे नक्सालाई समस्या नै नमानेको बताउनुभएको हो

अध्यक्ष ओलीले प्रधानमन्त्री शेरबहादुर देउवा भारत भ्रमण गएको समयमा चुच्चे नक्साको विषयमा वार्ता गर्नुको साटो चुच्चे नक्सालाई समस्या नै नमानेको आरोप लगाउनुभयो । गठबन्धन सरकारले आफ्नो जमिन फिर्ता लिन्छौं भन्न नसक्नु लाजमर्दो भएको उहाँको भनाइ थियो ।

कार्यक्रममा अध्यक्ष ओलीले विभिन्न पार्टी परित्याग गरेका नेता तथा कार्यकर्तालाई एमालेमा प्रवेश गराउनुभयो । पार्टी प्रवेश गर्नेमा सुदूरपश्चिम प्रदेश सरकारका राज्यमन्त्री कुलवीर चौधरी, समाजवादी पार्टीका प्रदेश अध्यक्ष विक्रमबहादुर साही, पूर्वमन्त्री तारा लामा तामाङ, वेदकोट नगरपालिकाका पूर्वमेयर अशोककुमार चन्दलगायत अन्य नेता कार्यकर्ता छन् ।

## पर्साको सखुवा प्रसौनीमा...

सखुवाप्रसौनी गाउँपालिकाका सेवाग्राहीले उपचारका लागि पर्सा जिल्लाभन्दा बाहिरी जिल्लाको अस्पताल वा स्वास्थ्य संस्थामा जानु परेमा भने इन्धन खर्च मात्रै सेवाग्राहीले व्यहोर्नु पर्ने अध्यक्ष यादवले बताउनुभयो ।

## सम्पन्नताको सिंढीमा...

मात्र १५७७ अर्ब ३९ करोड छ। जसको वृद्धिदर २७ प्रतिशत छ। निर्यातको बढ्दो प्रतिशत वृद्धिदरले दीर्घकालसम्म पनि निर्यात विस्थापन अहिलेको नेतृत्वले गर्न सक्दैन। यसका लागि घातांक वृद्धि, रणनीतिक चातुर्यता र एकीकृत योजना चाहिन्छ।

गत वर्षको १२.६ प्रतिशतको तुलनामा ३.८ प्रतिशत खस्कँदो विप्रेषणले यसको अर्थतन्त्रमा योगदान र महत्व बुझ्न सजिलो छ। ज्ञान सीप, प्रविधि, उत्पादन र सेवा बेच्ने अर्थतन्त्र बन्नुको साटो श्रम र रगत विदेशमा बेच्न बाध्य हुनु देशका लागि धब्बा हो। त्यसैले रोजगारी, श्रम, ज्ञान र सीपको व्यवस्थापनका लागि ठोस नीति आवश्यक छ। देशको गत वर्षको सोही अवधि र गत जेठसम्मको तथ्यांकलाई आधार मान्दा १५ अर्ब १५ करोड शोधनान्तर घाटा २६९.८४ अर्बको छ। चालू खाता २६९ अर्ब ८१ करोडबाट ५९५ अर्ब ८१ करोडले घाटा हुनु, आन्तरिक ऋण ९८५ अर्ब पुग्नु तथा ८० प्रतिशत चालू सरकारी खर्च हुनु विद्यमान नीति र व्यवस्थाप्रति ठाडो प्रश्न खडा भएन ? के अब नयाँ गतिशील नीति आवश्यक छैन ? नयाँ शिराबाट विकासको अवधारणा बनाउन जमर्को गर्नु पर्दैन ?

परिमार्जन र निरन्तरता हैन, परिवर्तनको परिप्रेक्षबाट सोचौं। बजेट, नीति तथा जनसरोकारका दीर्घकालीन असर पर्ने विषयमा बृहत् छलफल अधिकतम समझदारी, घोषित योजना, रणनीतिक योजना, मध्यकालीन योजना र अल्पकालीन योजनाहरू तर्जुमा गर्नुपर्छ। यसरी निरन्तरता, नियमन वा पुनर्योजनामा सरकारको रणनीति भन्ने संस्कारबिना विकासको गति र सम्पूर्ण संयन्त्र वैचारिक द्वन्द्व र अड्कलबाजीमा चलेको छ। यसभन्दा बाहिर रही काम कर्तव्य पूरा गर्दा तीव्र विकास र मुलुकले निकास पाउने थियो।

तिवारीले मौद्रिक नीतिमा विद्यावारिधि गरेका छन्। साभार :अन्नपूर्णपोष्ट

# बालबालिकालाई बेच्नका लागि भारत लगेको आरोपमा तीन जना पक्राउ



जनकपुरधाम १५ भदौ/ धनुषा प्रहरीले दिल्लीतर्फ लगिँदै गरेका दुई जना बालिकाको उद्धार गरेको छ । उनीहरुलाई भारतमा बेच्नका लागि लैजान लागेको आरोपमा प्रहरीले तीन जनालाई पक्राउ पनि गरेको छ ।

जनकपुरधामबाट जयनगरतर्फ जाँदै गरेको नेपाली रेलमा बालिकालाई चढाएर लग्दै गरेकोअवस्थामा इनर्वा स्टेशनबाट ती बालिकाको उद्धार गरिएको र तीन जनालाई पक्राउ गरिएको धनुषा प्रहरीका प्रवक्ता एवं डीएसपी प्रदीपबहादुर क्षेत्रीले जानकारी दिनुभयो ।

पक्राउ पर्नेमा जनकपुरधाम उपमहानगरपालिका ७ कमलानगर बस्ने २६ वर्षीय रुपेशकुमार मिश्र, वडा नम्बर २३ का २३ वर्षीय दिलमहम्द साह र महोत्तरीको मटिहानी नगरपालिका २ बस्ने २० वर्षीया रानी भनिने मुस्कान मण्डल छन् ।

ती बालिकालाई भारतको दिल्लीतर्फ बेच्न लगिरहेको सूचनाको आधारमा बालिकाको उद्धार गरी उनीहरुलाई पक्राउ गरिएको क्षेत्रीले बताउनुभयो ।

## निर्णय भएको ७ वर्षपछि...

दराज, कम्प्युटरसहितका कागजातहरू ल्याएका थिए ।

सिम्रौनगढ नगरपालिका र स्थानीय बासिन्दाले पनि मन्त्रिपरिषदको निर्णय कार्यान्वयको लागि निरन्तर माग गर्दै आएका थिए । 'लामो समयदेखि कार्यालय स्थापना गर्न माग गर्दै आएका थियौं', स्थानीय समाजसेबी रामेश्वरप्रसाद यादवले भन्नुभयो, सरकारले बल्ल जनताको आवाज सुनेको छ ।' उहाँले कार्यालय स्थापना भएपछि जग्गा सम्बन्धि काम गर्न गाउँबाट २५ किलो मिटर टाढा धाएर सदरमुकाम कलैया धाउनु पर्ने अवस्थाको अन्त्य भएको छ । कार्यालय उद्घाटनपछि गाउँबाट सेवा पाइने आशामा स्थानीय सर्वसाधारण सेवाग्राही खुसी बनेको उहाँको भनाइ छ ।

कार्यालय उद्घाटन गर्दै मन्त्री श्रेष्ठले जनताको घर दैलोबाट सेवा पुर्‍याउने उद्देश्यले कार्यलय संचालन ल्याइएको बताउनुभयो । उहाँ मन्त्रिपरिषदको निर्णय कार्यान्वयन गर्न यसअघि कसैले पनि चासो नदेखाएको अवस्थामा आफूले सिम्रौनगढमा कार्यालय संचालन गर्न पहल गरेको बताउनुभयो। उहाँले आफूले कुराले भन्दा काम गरेर देखाउने मन्त्री भएको पनि बताउनुभयो ।

कार्याक्रममा बोल्दै भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालयका सचिव रामप्रसाद थपलियाले संघीयताको मर्मअनुरुप सिम्रौनगढमा मालपोत कार्यालयको सेवा सुरु गरिएको बताउनुभयो । उहाँले सिम्रौनगढमा मालपोत कार्यालयको आफ्नै भवन निर्माण गरेर एकीकृत सेवा सुरु गर्न पनि मन्त्रालय तयार रहेको बताउनुभयो । 'तपाईहरु भवनको लागि जमिन उपलब्ध गराउनुहोस, सचिव थपलियाले भन्नुभयो, मन्त्रालय सुविधा सम्पन्न कार्यालय भवन निर्माणको लागि आर्थिक सहयोग गर्न तयार छ ।'

कार्यक्रममा भूमि व्यवस्थापन तथा अभिलेख विभागका महानिर्देशक पिताम्बर घिमिरेले सिम्रौनगढ मालपोत कार्यालयमा भूमि व्यवस्थापन सूचना प्रणालीलगायत अन्य पूर्वाधारको काम पुरा भएको र केही दिनभित्र सेवा सुरु गरिने जानकारी दिनुभयो । उहाँले जग्गाधनीको श्रेस्ता केही दिनभित्र नै सिम्रौनगढमा ल्याइने पनि बताउनुभयो

कार्यक्रमा संविधान सभा सदस्य गोपाल ठाकुर, सिम्रौनगढ नगरपालिकाका मेयर किशोरी साह कलवारलगायतले बोल्नुभएको थियो ।

मन्त्रालयका सचिव थपलियाको अध्यक्षतामा भएको सो कार्यक्रममा जिल्ला समन्वय समितिका प्रमुख नरेन्द्र साह, पचरौता नगरपालिकाका प्रमुख जलान्धर सिंह, देवताल गाउँपालिकाका अध्यक्ष उदयचन्द्र यादवलगायत स्थानीय राजनीतिक दलका प्रतिनिधि र सर्वसाधारणको समेत उपस्थिति रहेको थियो ।

कार्यालयबाट सिम्रौनगढ नगरपालिकासहित जिल्लाको आदर्शकोतवाल, देवताल गाउँपालिका र पचरौता तथा महागढीमाई नगरपालिकाका ासिन्दाले सेवा प्राप्त गर्नेछन ।

## पर्साको २ बाट सांसदका ...

प्रत्यक्षतर्फ ओम प्रकाश शर्मा, श्याम पटेल, भोला प्रसाद कलवार, रामरुप कुर्मी, दिना गुप्ता, नरेन्द्र साह र राजनाथ ठाकुरको नाम सिफारिस गरेको छ ।

यस्तै प्रदेशसभा सदस्यमै समानुपातिकतर्फ मणिन्द्रलाल श्रेष्ठ, सन्जय चर्तुवेदी, विवेक शर्मा, गोपाल कुर्मी, महम्मद सतार मन्सुरी, विजय उपाध्याय, ब नेपाल, बैकुण्ठ श्रीवास्तव, दिलिप शर्मा बराल, दिपेन्द्र कुर्मी, प्रदीप कुशवाहा, विद्या श्रेष्ठ, प्रियंका केसरी, रुपा श्रेष्ठ, शीवनारायण साह र सुखल हजरा पासवानको नाम सिफारिस गरेको काँग्रेसको प्रदेश सभा क्षेत्र नम्बर २ (ख) का प्रवक्ता सन्जय चर्तुवेदीले जानकारी दिनुभयो ।

## बिबी लामाको ....

कार्यक्रममा सहिद परिवारलाई सम्मान समेत गरिएको छ । सम्मानित हुनेमा सीता देबी पटेल, बिगा चौरासिया, चन्डाल सिंह रहनुभएको छ । त्यसैगरी लामो समयसम्म जेल जीवन बिताउनुभएका बिबि लामा, दिलमहमद अन्सारी लगायतलाई पनि कार्यक्रममा सम्मान गरिएको थियो ।

अधिवेशनले पूर्व जिल्ला सेक्रेटरी विक्रमलाई जिल्ला ईन्चार्जमा बढुवा गर्ने निर्णय पनि गरेको जनाइएको छ ।

## तामागढीमा औषधिजन्य ...

अनुगमन तथा सहयोग गरेर सत्र हजार छ सय पचास किलो जडिबुटी उत्पादन गर्ने लक्ष्य लिएको थियो ।

तामागढी शाखाले आर्थिक वर्ष २०७९/०८० मा लेमनग्रास तिन हजार किलो, सिट्रोनेला एक हजार सात सय किलो, पामारोजा एक हजार छ सय बिस किलो, मेन्था नौ हजार किलो, बाबरी तिन सय असी किलो, क्यामोमाईल चार सय पचास किलो, मसलाको तेल एक हजार पाँच सय किलो तथा तुलसी पाँच किलो उत्पादन गर्ने लक्ष्य लिएको उहाँले जानकारी दिनुभयो ।

शाखाले आर्थिक वर्ष २०७४/०७५ मा लेमनग्रास तिन हजार एक सय किलो उत्पादन गर्ने लक्ष्य लिएकोमा तिन हजार तिन सय उनान्सय किलो उत्पादन गरेको थियो। त्यसैगरी सिट्रोनेला तिन हजार पाँच सय किलो उत्पादन गर्ने लक्ष्य लिएकोमा दुई हजार दुई सय सात किलो मात्र उत्पादन गरेको थियो। त्यस्तै पामारोजा एक हजार सात सय किलो उत्पादन गर्ने लक्ष्य लिएकोमा नौ सय तेत्तीस किलो मात्र उत्पादन गरेको थियो । मेन्था पाँच हजार केजीको लक्ष्यमा तिन हजार तिन सय सौसठ्ठी किलो, बाबरी पचास किलो लक्ष्यमा पैतीस किलो, क्यामोमाईल चार सय पचास किलो लक्ष्यमा चार सय, बेरासी किलो, मसला तेल सात सय लक्ष्यमा छ सय उन्नसाठी किलो उत्पादन गरेको तथ्याङ्क रहेको छ ।

त्यसैगरी केन्द्रले २०७५/०७६ मा लेमनग्रास चार हजार किलो उत्पादन गर्ने लक्ष्य लिएकोमा तिन हजार एकासी किलो उत्पादन गरेको थियो। सिट्रोनेला दुई हजार पाँच सय किलो उत्पादन गर्ने लक्ष्य लिएकोमा नौ सय चौवालीस किलो मात्र उत्पादन गर्न सकेको थियो । पामारोजा एक हजार सात सय किलो उत्पादन गर्ने लक्ष्य लिएकोमा एक हजार चार सय सताईस किलो मात्र उत्पादन गरेको हो ।

त्यस्तै मेन्था छ हजार लक्ष्यमा तिन हजार छ सय चौवन्न किलो, बाबरी पचास किलो लक्ष्यमा बिस किलो, क्यामोमाईल चार सय पचास किलो लक्ष्यमा छ सय तेईस किलो, मसला तेल सात सय लक्ष्यमा पाँच सय सठसठी किलो उत्पादन गरेको तथ्याङ्क रहेको छ ।

२०७६/०७७ मा लेमनग्रास चार हजार किलो उत्पादन गर्ने लक्ष्य लिएकोमा तिन हजार एक सय बाह्र किलो उत्पादन गरेको थियो ।

त्यसैगरी सिट्रोनेला दुई हजार पाँच सय किलो उत्पादन गर्ने लक्ष्य लिएकोमा नौ सय साठी किलो मात्र उत्पादन गर्न सकेको जानाइएको छ। पामारोजा एक हजार सात सय किलो उत्पादन गर्ने लक्ष्य लिएकोमा एक हजार चार सय उनान्सय किलो मात्र उत्पादन गरेको थियो। क्रमशः मेन्था छ हजार लक्ष्यमा दुई हजार सात सय चौबीस किलो, बाबरी पचास किलो लक्ष्यमा अठाईस किलो, क्यामोमाईल सात सय किलो लक्ष्यमा चार सय एघार किलो, मसला तेल सात सय लक्ष्यमा तिन सय पच्चीस किलो उत्पादन गरेको तथ्याङ्क रहेको छ ।

२०७७/०७८ मा लेमनग्रास चार हजार किलो उत्पादन गर्ने लक्ष्य लिएकोमा तिन हजार सात सय अठसठी किलो उत्पादन गरेको थियो। त्यसैगरी सिट्रोनेला दुई हजार आठ सय किलो उत्पादन गर्ने लक्ष्य लिएकोमा दुई हजार एक सय पन्ध्र किलो मात्र उत्पादन गर्न सकेको प्रमुख साउदले जानकारी दिनुभयो । पामारोजा एक हजार नौ सय असी किलो उत्पादन गर्ने लक्ष्य लिएकोमा छ सय सैतीस किलो मात्र उत्पादन गरेको थियो । मेन्था सात हजार लक्ष्यमा एक हजार पाँच सय पचासी किलो, बाबरी पचास किलो लक्ष्यमा चौवालिस किलो, क्यामोमाईल छ सय पचहत्तर किलो लक्ष्यमा चार सय उन्नचालिस किलो, मसला तेल छ सय लक्ष्यमा एक हजार पाँच सय एकहत्तर किलो उत्पादन गरेको तथ्याङ्क रहेको छ ।

२०७८/०७९ मा लेमनग्रास तिन हजार छ सय किलो उत्पादन गर्ने लक्ष्य लिएकोमा तिन हजार सात सय छब्बीस किलो उत्पादन गरेको थियो। त्यसैगरी सिट्रोनेला तिन हजार एक सय पचास किलो उत्पादन गर्ने लक्ष्य लिएकोमा दुई हजार दुई सय उनानब्बे किलो मात्र उत्पादन गर्न सकेको छ । पामारोजा एक हजार दुई सय किलो उत्पादन गर्ने लक्ष्य लिएकोमा दुई सय एकहत्तर किलो मात्र उत्पादन गरेको थियो । मेन्था चार हजार लक्ष्यमा एक हजार दुई सय एक किलो, बाबरी एक सय बिस किलो लक्ष्यमा सैतालिस किलो, क्यामोमाईल चार सय पचहरी किलो लक्ष्यमा चार सय तेह्र किलो, मसला तेल एक हजार पाँच सय लक्ष्यमा तिन सय उनान्बे किलो उत्पादन गरेको तथ्याङ्क रहेको जडिबुटी उत्पादन तथा प्रतिशोधन केन्द्रका प्रमुख साउदले जानकारी दिनुभयो ।

नेपाल सरकार

भुमि ब्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय

भुमि सुधार तथा मालपोत कार्यालय

## ३५ दिने सार्वजनिक सूचना

यसमा तपसिलका जग्गाको मोही तपसिलका व्यक्तिको मृत्यु भईसकेको निज पछिको मोही हक खाने आमा, बाबु, छोरा, छोरी, बुहारी, नाती, नातीनी, बुहारी, धर्मपुत्र, छोरी, दाजु भाइ नभएकोले जग्गा म.ज.ध.कै जोत भोगमा रहेकोले मरुवा मोही लगत कट्टा गरी पाउँ भनि ज.ध.को पर्न आएको निवेदनमा कारबाहीको शिलशिलामा यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

तपसिलको जग्गाको मोहीको मृत्यु भएको हो होइन मोही हक सर्न सकिने भूमि सुधार ऐन २०२१ को आठौं संशोधनको दफा २६ (१) बमोजिम कोही हकवाला समेत भई सोही लगत कट्टा हुनु नपर्ने भए यो सूचना प्रकाशित भएको ३५ दिन भित्रमा यस कार्यालयमा मोही हक दावी गर्न आउनुहोला । अन्यथा कानुन बमोजिम भई जानेछ ।

**तपसिल :**

| जग्गाधनी | गा.वि.स. | वार्ड नं. | कि.नं. | ज.बि. | मोहीको नाम |
|---|---|---|---|---|---|
| सरिता पुलामी ठाडा मगर | डुमरवाना | ७ | २२/१७२७ | ०-०-१३-८ | सुभद्रा दमिनी |

हामा आइरन एण्ड स्टील
हामा स्टील
१००% प्राइम बिलेटबाट उत्पादित

शान्ति ट्राभल्स
वीरगंज – गौर
समय : बिहान ५:५५ बजे ।
गौर – वीरगंज
समय : बिहान ११-२५ बजे ।
रमेश : ९८४५१६२४९८

मात्री भाग्य रेखा
वीरगंज -काकरभिट्ठा
वीरगंजबाट खुल्ने समय
विहान : ५:२५ बजे
मोवाईल नम्बर :
९८०६८०६५००

JAGDAMBA STEEL
देशको मेरुदण्ड

# सिमरामा अन्तर्राष्ट्रिय मन्जुदेवी दोस्रो भेट्रान कप फुटबल प्रतियोगिता हुने




पुष्पराज खतिवडा

मनहर्वा,१५ भदौ/बाराको जीतपुरसिमरा उपमहानगरपालिकाको सिमरामा अन्तर्राष्ट्रिय मन्जुदेवी दोस्रो भेट्रान कप फुटबल प्रतियोगिता हुने भएको छ ।

यही भाद्र २९ देखि १ असोजसम्म संचालन हुने प्रतियोगितामा नेपाल र भारतका विभिन्न शहरका भेट्रान क्लब सहभागी हुने आयोजकले जनाएको छ

बुधबार सिमरामा सिमरा भेट्रान क्लबले पत्रकार सम्मेलन गरि प्रतियोगिता बारे जानकारी दिएको हो । भारतको दार्जिलिङ, कलकत्ता र सिक्किमको टोली सहभागी हुने क्लबका प्रतियोगिता संयोजक हरि चौधरीले जानकारी दिनुभयो ।

नेपालका चितवन, पर्सा, बारा, काठमाडौ, पोखरा, बुटवल, झापा, विराटनगर लगायतका भेटान टिमको प्रतियोगितामा सहभागिता रहने छ । देशी बिदेशी गरि १९ वटा टिमले खेल्ने चौधरीले जानकारी दिनुभयो ।

दैनिक ४ वटा टिमले खेल्ने प्रतियोगिताहरुमा अन्तर्राट्रिय भेट्रान प्रतियोगिताको नियम र मापदण्ड अनुसार एक टिममा गोलकिपर सहित ८ जना खेलाडीलाई सहभागी गराइने छ ।

प्रतियोगितामा पहिलो हुने टिमले १ लाख ५० हजार रुपैंया पुरस्कार प्राप्त गर्ने संयोजक चौधरीले जनाउनुभयो । प्रतियोगितामा दोस्रो हुनेले ७५ हजार रुपैंया र विभिन्न विधामा खेलाडीलाई पुरस्कार प्रदान गरिने क्लबले जनाएको छ । प्रतियोगितामा प्रत्येक खेलमा एक जनालाई ३ हजारका दरले म्यान अफ दि म्याच र प्रतियोगिताको उत्कृष्ठ खेलाडीलाई ३ हजार ५ सय रुपैंया प्रदान गरिने उहाँले बताउनुभयो ।

बारा जिल्लाको खेलकुदको विकास र सिमराको पहिचान प्रवर्द्धन गर्ने उदेश्यले मधेस प्रदेशमै पहिलो पटक अन्तर्राष्ट्रिय स्तरको भेट्रान प्रतियोगिता गर्न लागिएको सिमरा भेट्रान क्लबका अध्यक्ष विजय (राजकपुर) राउतले जानकारी दिनुभयो ।

सिमरा रंगशालामा हुने प्रतियोगितामा अनुमानित १० लाख ५० हजार रुपैंया खर्च हुने आयोजकले जनाएको छ ।

२०२० फागुन १६ मा जन्मिनु भएकी मन्जुदेवी गुप्ताको सामाजिक महिलाको रुपमा सक्रिय रहँदै गर्दा ४४ वर्षको उमेरमा २०६४ पौष २१ गे स्वर्गाहरण भएको थियो । उहाँकै स्मृतिमा स्थानीय युवाहरुको अगुवाइमा प्रतियोगिता आयोजना गर्न लागिएको भेट्रान सिमराका अध्यक्ष राउतले बताउनुभयो ।

सिमरा भेट्रानका अध्यक्ष राउतको अध्यक्षतामा आयोजित प्रत्रकार सम्मेलनमा स्वर्गीय मन्जुदेवीका कान्छा छोरा एवं युवा समाजसेवी श्यामबाबु गुप्ता, नेपाल पत्रकार महासंघ बारा अध्यक्ष रेशम तिवारी र क्लबका पदाधिकारीहरुको सहभागिता रहेको थियो

सिमरामा २०७४ सालमा पहिलो भेट्रान कप सम्पन्न भएको थियो ।

# बारामा कोभिड-१९ विरुद्ध बालबालिकालाई फाइजर खोप लगाइने

कलैया, १५ भदौ/बारा जिल्लाका स्थानीय तहहरूमा पनि कोभिड(१९ विरुद्ध पाँच वर्षदेखि १२ वर्षमुनिका एक लाख २० हजार बालबालिकालाई फाइजर खोप दिने अभियान सुरु हुने भएको छ ।

खोप अभियान कार्यक्रमको पहिलो चरणमा भदौ १६ अर्थात् बिहीवारदेखि लागामी भदौं ३१ गतेसम्म जिल्लाको जीतपुरसिमरा उपमहानगरपालिका, कलैया उपमहानगरपालिका, निजगढ र कोल्हबी नगरपालिका, फेंटा, प्रसौंनी, विश्रामपुर र परवानीपुर गाँउपालिकाका पाँच वर्षदेखि १२ वर्षमुनिका बालबालिकालाई फाइजर खोप दिइने स्वास्थ्य कार्यालयका खोप अधिकृत जितन चौधरीले जानकारी दिनुभयो ।

यसैगरी दोस्रो चरणमा यही भदौ २७ देखि ३१ गतेसम्म जिल्लाको सिम्रौनगढ, पचरौता, महागढीमाई नगरपालिका, आदर्शकोतवाल, सुवर्ण, देवताल, बारागढी र करैयामाई गाँउपालिकामा खोप दिइने छ । खोप अभियान कार्यक्रमको सम्पूर्ण तयारी भइसकेको बताइएको छ ।

# नेकपा एमाले पर्सा क्षेत्र नम्बर १ बाट ३ जनाको नाम सिफारिस







नविन चौधरी

वीरगन्ज, १५ भदौ/पर्सा जिल्लाको निर्वाचन क्षेत्र नम्बर १ बाट नेकपा एमालेले तिन जना उम्मेदवारको नाम सिफारिस गरेको छ ।

पार्टीको केन्द्रीय निर्देशन अनुसार मंगलवार क्षेत्र नम्बर १ का संयोजक लालबाबु शेखको अध्यक्षतामा बसेको बैठकले जुनैद अन्सारी, ईस्लाम हवारी र बश्रुद्धिन अन्सारीको नाम सिफारिस गरिएको एमाले वीरगन्ज महानगर कमिटी सचिव सुन्दर कुर्मीले जानकारी दिनुभयो ।

बैठकले समानुपातिकतर्फ श्याम बन्जारा, केसी लामिछाने, प्रभु हजरा, निर्मला देवकोटा, डा. विशम्भरकुमार शर्मा, बाबुराम कौशिक, उर्मिला श्रेष्ठ, मेघराज पासवान, उर्मिला शर्मा र रञ्जु फुयालको नाम सिफारिस गर्ने निर्णय गरिएको बताइएको छ ।

# पर्साको २ बाट सांसदका लागि अमात्यको नाम सिफारिस

वीरगन्ज, १५ भदौ/पर्साको क्षेत्र नम्बर २ बाट प्रतिनिधि सभा सदस्यका लागि नेपाली कांग्रेसले संविधान सभा सदस्य राजेन्द्रबहादुर अमात्यको नाम सिफारिस गरेको छ ।



पर्सा क्षेत्र नम्बर २ को (क) र ( ख) को बुधवार बसेको छुट्टाछुट्टै बैठकले प्रतिनिधि सभा सदस्यमा सहमतिका साथ अमात्यको नाम सिफारिस गरेको हो । अमात्यले २०७४ सालको निर्वाचनमा पर्सा क्षेत्र नम्बर १ बाट सांसद रहे पनि अरुलाई अवसर दिन त्याग गर्नुभएको थियो । अमात्यले समानुपातिक सांसद अनिल रुंगटालाई अवसर दिनुभएको हो ।

रुंगटा तत्कालिन संघीय समाजवादी फोरमका प्रदीप यादवसँग पराजित हुनुभएको थियो । यसपटक सोही क्षेत्रबाट नेपाली कांग्रेसका केन्द्रीय सदस्य अजय चौरसिया पनि प्रतिनिधि सभा सदस्यका आकाक्षी हुनुहुन्थ्यो ।

यद्यपि यसअघि पनि पराजय बेहोरेका चौरसियालाई पुनः उम्मेदवार बनाउँदा पुनः हार बेहोर्न सकिने अवस्थालाई मध्यनजर गर्दै अमात्यको नाम सिफारिस गरिएको कांग्रेस स्रोतले जनाएको छ ।

त्यसैगरी पर्साको पर्सागढी नगरपालिका वडा नम्बर १ कोइलाभारमा बसेको क्षेत्र नम्बर २ ( क) को बैठकले प्रदेश सभा सदस्यमा पुनः राजेश्वर साह तेलीलाई नै उम्मेदवारका लागि सिफारिस गरेको छ ।

सोही प्रदेशसभा क्षेत्रमा सामानुपातितर्फ विजय कर्ण, कामेश्वर मिश्रा, वीर बहादुर यादव, भरत प्रसाद तेली, रिमा देवी यादव, मीरा देवी थरुइन, अर्चना चौधरी र गोकर्ण मैनालीको नाम सिफारिस गरिएको छ

यता वीरगन्ज महानगरपालिका वडा नम्बर ६ माइस्थान अतिथि सदनमा बसेको क्षेत्र नम्बर २ (ख) को बैठकले प्रतिनिधि सभा सदस्यमा समानुपातिकतर्फ डाक्टर सुष्मा तिवारी द्विवेदी, कन्हैयालाल केसरी, शम्भु चौहान र रुपा देवी गुप्ता गरि ४ जनाको नाम सिफारिस गरेको छ ।

उक्त बैठकले प्रदेशसभा सदस्यमा

बाँकी तेश्रो पेजमा

# पर्साको सखुवा प्रसौनीमा निःशुल्क एम्बुलेन्स सेवा सुरू

वीरगन्ज, १५ भदौ/पर्साको सखुवाप्रसौनी गाउँपालिकाले पहिलो पटक पालिकाभित्रका सबै बिरामीका लागि निःशुल्क रूपमा एम्बुलेन्स सेवा सुरु गरेको छ ।

पालिका अन्तर्गतका व्यक्ति बिरामी परेर उपचारका लागि पर्सा जिल्लाको कुनै पनि अस्पतालमा जानु परे एम्बुलेन्सले निःशुल्क सेवा प्रदान गर्न सुरु गरेको गाउँपालिकाका अध्यक्ष यशवन्त यादवले बताउनुभयो ।

हाल पालिकामा दुई वटा निःशुल्क एम्बुलेन्स उपलब्ध छ । मधुवन मथलव स्वास्थ्य चौकी र महुवन स्वास्थ्य चौकीमा रहेका दुई वटा एम्बुलेन्सले पालिकाका सेवाग्राहीका लागि निःशुल्क सेवा उपलब्ध गराउन थालिएको गाउँपालिलाका प्रमुख प्रशासकीय अधिकृत देवनाथ साहले जनानकारी दिनुभयो ।

बाँकी तेश्रो पेजमा

# १ हजार लिटर घरेलु मदिरा नष्ट



बारा, १५ भदौ/जिल्ला प्रहरी कार्यालय बाराले १ हजार लिटर अवैध घरेलु मदिरा नष्ट गरेको छ ।

जिल्लाको आदर्श कोतवाल गाउँपालिका वडा नम्बर ६ पटेर्वा निवासी संजिव जैसवालले सञ्चालन गरेको मदिरा भट्टी पसल पनि प्रहरीले नष्ट गरेको हो ।

विशेष सूचनाको आधारमा गएको प्रहरीले भट्टीबाट १ हजार लिटर तयारी मदिरा र ६ हजार लिटर कच्चा पदार्थ नष्ट गरेको हो । स्थानीय जनप्रतिनिधि लगायतको रोहबरमा छापा मारेर रक्सी उत्पादनमा प्रयोग गरिने भाँडा तथा ७ बोरा सक्खर समेत बरामद गरिएको जिल्ला प्रहरी कार्यालय, बाराका प्रमुख प्रहरी उपरीक्षक होबिन्द्र बोगटीले जानकारी दिनुभयो ।

# रौतहट २ बाट प्रतिनिधि सभा सदस्यका लागि सांसद आलमको एकल नाम सिफारिस

रौतहट, १५ भदौ/नेपाली कांग्रेस रौतहट क्षेत्र नम्बर २ (क) को बैंठकले प्रदेश सभा सदस्यको सम्भावित उमेदवारको रुपमा ६ जनाको नाम सिफारिस गर्ने निर्णय गरेको छ ।

पार्टीका क्षेत्रीय सभापति शेख फजुल्लाहको अध्यक्षतामा वसेको बैठकले लालविहारी साह, लालबाबु प्रसाद जयसवाल, शेख लालबाबू रसिद अलि, सकिल अख्तर, पकज सिन्हा, नागेन्द्र सिन्हा र २ (ख ) बाट दिनेश पटेल, रामचन्द्र गिरीको नाम सिफारिस गर्ने निर्णय गरेको हो ।



यस्तै प्रतिनिधि सभा सदस्यका लागि रौतहट क्षेत्र नम्बर २ बाट हाल जेल जीवन बिताउदै आएका सांसद मोहमद आफताव आलमको एकल नाम सिफारिस भएको छ । बैठकमा नेपाली कांग्रेस रौतहटका नेता तथा परोहा नगर प्रमुख शेख वकिल आलम, राजपुर नगरपालिकाका नगर प्रमुख डा.रजिक आलम, तरुण दलका जिल्ला अध्यक्ष नौसाद आलम सहिँतका पदाधिकारीको बैठकमा सहभागिता रहनुभएको थियो

धुम्रपान नगरौं, स्वस्थ्य जीवन बाँचौ

❖ धुम्रपानले मुट, दम, श्वासप्रश्वास, क्यान्सर लगायतका दीर्घकालिन रोग लाग्न सक्छ ।
❖ आफू, परिवार तथा समाजका अन्य व्यक्तिलाई धुम्रपानको कुलतमा फस्न नदिऔं ।
❖ कुलतमा रहेकाले धुम्रपान त्याग्नेन प्रण गरौं ।
❖ धुम्रपान गर्नेहरुको संगतबाट टाढा रहौं ।
❖ धुम्रपानले तपाई र परिवार सबैलाई असर पुऱ्याउँछ ।

त्यसैले,
धुम्रपान नगरौं स्वस्थ्य जीवन बाँचौ ।

नेपाल सरकार
विज्ञापन बोर्ड

प्रबन्ध संचालकः- सबिता चालिसे उपाध्याय ९८५५०२१८८६, , सम्पादकः- गोकुल घोरसाईने, ९८५५०२४४५५, कार्यकारी सम्पादक : कृष्णउदास खनाल,
विशेष संवाददाताः-दुष्यान्त चौधरी ९८४३११३४३५, कार्यालयः-निजगढ नगरपालिका वार्ड नम्बर-४ बारा email:- kreepadaily@gmail.com, मुद्रकः-के.एस. मल्टिप्रपोज प्रा.ली.